## स्थानीय तह संयुक्त माग कार्यान्वयन परिचालन समिति

१. कर्मचारी समायोजन पश्चात स्थानीय तहमा कर्मचारीको मुख्य खपत हुने भएकोले नेपालको संविधानको धारा २८५ बमोजिम एकिकृत सरकारी सेवा अन्तर्गत देश भरको स्थिर र आकर्षक स्थानीय सेवा गठन गरियोस् ।

२. नेपाल सरकारले २०६९ सालमा गरेको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा गरेको पाँचौं संशोधनका विषयमा परेको उत्प्रेषणर परमादेश रिट निवेदनका सम्वन्धमा श्री सर्वोच्च अदालतको मिति २०७४-०९-२१ को मुद्दामा सम्माननीय प्रधान न्यायाधीश गोपाल पराजुली समेतको सम्वैधानिक ईजलासवाट भएको आदेश बमोजिम स्थानीय तहमा अस्थायी, करार, र ज्यालादारीमा अविछिन्न रुपमा कार्यरत जिसस, महानगर, उपमहानगर नगरपालिका र गाउँपालिकाका कर्मचारीलाई आन्तरिक प्रतियोगितात्मक परीक्षाको माध्यमबाट पदपूर्ति गर्ने फैसला तत्काल कार्यान्वयन गरियोस ।साथै स्थानीय तहमा हालसम्म विभिन्न किसिमवाट सेवारत रहनु भएका कर्मचारीहरुलाई समेत स्थायी गर्ने प्रवन्ध गरियोस् ।

३. संघीयता कार्यान्वयनको चरणमा साविक स्थानीय निकायवाट जिल्ला समन्वय समिति र अन्य सेवामा कार्यरत कर्मचारीहरु नगरपालिका र गाँउपालिकामा स्थानान्तरण भएर गएका कर्मचारीहरुले पाउनु पर्ने उपदान रकम सहज रुपमा उपलब्ध गराउने व्यवस्था गरियोस् ।

४. साविक स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको स्थानीय तहमा समायोजन गर्दा अन्य सेवा भनि गरिएको विभेदकारी व्यवस्था हटाई स्थानीय निकायमा कार्यरत कर्माचारीहरुलाई स्थानीय सेवा अन्तरगत राख्ने व्यवस्था गरियोस् ।

५. सबै स्थानीय तहहरुमा लोकतन्त्रको आधार स्तम्भ ट्रेड युनियन अधिकारको सुनिश्चितता गरियोस् ।

६. स्थानीय तहमा लामो समयसम्म स्थायी सेवा गरेका कर्मचारीहरुको रोकिएको बढुवा, स्तरोन्नती लगायतका वृत्ति विकासका कार्य सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार पदपूर्ति समितिको व्यवस्था गरी तत्काल खुल्ला गरियोस् ।

७. कर्मचारी समायोजन ऐन तथा नियमावलीले साविक स्थानीय निकायका कर्मचारीको समकक्षता निर्धारण नगरी साविककै तहमा समायोजन गर्ने व्यवस्था गरेको तर सरकारी सेवा (निजामति, स्वास्थ्य, संसद) का कर्मचारीलाई तह वृद्धि गरी स्थानीय तहमा समायोजन गरेको छ । साविक स्थानीय निकाय तर्फका कर्मचारी समेतको समकक्षता निर्धारण गर्ने र यसरी समकक्षता निर्धारण गर्दा स्थानीय तहमा रहेको अधिकृत स्तर छैटौ, स्वास्थ्य सेवा तर्फको सातौं तह र निजामति तर्फ राजपत्रांकित तृतीय श्रेणीलाई समान मानी समकक्षता निर्धारण गरी प्रस्तावित समायोजन ऐन वा नियमावलीमा सरकारी वा निजामती सेवा तर्फका कर्मचारीलाई दिइएको तह वृद्धि साविक स्थानीय निकायका कर्मचारीलाई समेत अनिवार्य रुपमा दिनु पर्ने व्यवस्था गरियोस ।प्रक्रिया पुर्याई भएका तह वृद्धिलाई समेट्ने काम गरियोस् ।

८. समायोजनमा जान नचाहने स्थायी, अस्थायी, करार र ज्यालादारी सबै कर्मचारीहरुका लागि सरकारी सेवा तर्फका कर्मचारीलाई जस्तै विशेष सुविधा (Golden Handshake) सहित स्वैच्छिक अवकाश लिन पाउने व्यवस्था गरियोस् ।

९. कर्मचारी समायोजन गर्दा कर्मचारीहरुको ईच्छा अनुरुप घर पायक अन्तर प्रदेश स्थानीय तहमा एक पटकका लागि पुनः समायोजन गर्ने कार्यलाई प्राथमिकता दिइयोस् ।

१०. स्थानीय तहबाट प्रादेशिक तथा संघीय सरकारमा निश्चित प्रतिशत प्रवेशको व्यवस्था गर्ने र यसरी प्रवेश गर्दा उमेरको हद नलाग्ने गरी खुल्ला तथा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन पाउने विधि अवलम्बन गरियोस् ।

११. असंगठित तथा वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारलाई समेत व्यवस्था भैसकेको सामाजिक सुरक्षा कोषको व्यवस्था स्थानीय तहमा कार्यरत अस्थायी, करार, ज्यालादारी कर्मचारीहरुको लागि पनि तत्काल लागु गरियोस् ।

१२. स्थानीय सरकार मातहत रहने कर्मचारीहरुको अभिलेख, सेवा, सुविधा र शर्तको विषयमा संघीय सरकारले एक रुपता कायम हुने गरी नीति बनाउने र सोही आधारमा सबै प्रदेशले कानुन बनाई प्रदेश स्तरिय अवकाश कोषको व्यवस्था गरियोस् ।

१३. प्रदेश भित्र स्थानीय सरकारको सेवामा रहेको कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृत बन्ने तथा संघीय निजामती सेवा सम्बन्धित प्रदेश भित्र एउटा विधिमा प्रदेश निजामती सेवा र अर्को स्थानीय सरकार मातहतको सेवामा सरुवा, बढुवा हुन सक्ने व्यवस्था गरियोस् ।

१४. उपदान र निवृत्तिभरण, बीमा, सन्तत्ति छात्रवृत्ति स्वास्थ्योपचार लगायतका सामाजिक सुरक्षाको स्पष्ट व्यवस्था गरियोस् ।

१५. नेपाल सरकारले सञ्चालन गरेको निजामती अस्पताल तथा निजामती डेडिकेटेट अस्पतालहरुमा स्थानीय तहमा कार्यरत कर्मचारी र उनका परिवारहरुले पनि समान सहुलियत दरमा उपचार गर्ने व्यवस्था गरियोस् ।

१६. निजामति सेवावाट स्थानीय सेवा तथा स्थानीय सेवावाट निजामति सेवामा प्रवेश गर्दा साविकको सेवा अवधीलाई गणना गर्ने व्यवस्था गरियोस् ।

१७· पछिल्लो समयमा स्थानीय तहका लागि भनी विभिन्न किसिमवाट निकालिएको विज्ञापन अनुसार स्थायी नियुक्ति पाएका कर्मचारी र स्थानीय तहमा जिसस तथा विभिन्न आयोग तथा समितिहरुवाट समायोजन भएका कर्मचारीहरूको समेत वृत्ति विकासमा रहेको अन्यौलता हटाईयोस् । एकिकृत सरकारी सेवा गठन गरी स्थायी सरकारका रुपमा रहने समग्र कर्मचारी प्रशासनलाई व्यवस्थित गरियोस् ।